www.newsok.com.np @newsok.com.np @newsok_bhw

सम्वृद्ध नेपाल, तपाईंको समाचार, तपाईंको पत्रिका

# न्यूज ओके

NEWS OK NATIONAL WEEKLY




वर्ष-१, अंक-७ | सिद्धार्थनगर, भैरहवा | २०७३ भदौ १६ गते बिहीबार (1 Sept, 2016 Thursday) | पृष्ठ-८ | मूल्य : नि:शुल्क


पहिरो पीडित बालबालिकालाई सहयोग
विविध समाचार २


बजाजको एक्सचेन्जमा आकर्षण
अर्थान्तर ३


शेयर बजार १८ सय अंक नजिक
बैंक वित्त/सहकारी/बजार ६


Celebrating Father's Day/Kuse Ausi
English Page ७

# सुनको मूल्य आकासिँदा बजार कमजोर

*मनोरञ्जन शर्मा*
भैरहवा ।

सुन (पहेलो धातु) को मुल्य बढेर प्रति तोला ६० हजार नजिक पुग्दा सुनको व्यापारमा मन्दि छाएको रूपन्देहीका व्यवसायीहरूले बताएका छन् ।

एक वर्षको अवधिमा सुनको मुल्य प्रति तोला करीब ८ हजार देखि ९ हजार रूपैयाँले बृद्धि भएको छ, रूपन्देही जिल्ला सुनचाँदी व्यवसायी संघ का सचिव राम किसन बि.क.ले भने । गत वर्षको यही समय भन्दा अहिले ९ हजार हाराहारीले बढी छ , मुल्य बढ्दै जाँदा उपभोक्ताको क्रयशक्तिमा कमि आएको महशुस हामीले गरेका छौ, गत वर्ष बन्द हडताल, नाकाबन्दी जस्तो प्रतिकुल समयमा पनि सुनको व्यापार राम्रो थियो । तर यस पटक भने व्यापार खस्केको छ, सचिव राम किशनले भने ।

अमेरिकी डलरको उतार चढाब, तेल, अन्तर्राष्ट्रिय पूँजी बजारमा चलखेल र ठुला देशको राजनीतिमा परिवर्तन जस्ता कारणले सुनको मुल्य तल माथि हुने गर्दछ । जस अनुसार नेपालको सुन बजार पनि प्रभाबित हुने गरेको व्यवसायीहरू बताउँछन् ।

मुखैमा आएको तीज पर्व र नजिकिएको दशै, तिहार, छठमा सुनको बढी कारोबार हुनेमा व्यवसायीहरू ढुक्क हुन्छन् । तर यसपाली व्यवसायीहरूले सोचे जस्तो सुनको बजार तान्न सकेन् । जति बढी सुनको मुल्य तात्यो त्यो भन्दा निकै चिसो नेपाली सुन बजार रहेको व्यवसायी एवं सुन चाँदी व्यवसायी संघ रूपन्देहीका अध्यक्ष बिक्रम सुनार बताउँछन् ।

गत वर्षको तुलनामा सुनको मुल्य धेरै बढ्दै गयो, जनताको आम्दानी जहीको तही छ, क्रयशक्ति गर्ने क्षमता पनि त बढ्नु पर्‍यो नि, अध्यक्ष सुनारले भने ।


भैरहवाको बैंकरोडस्थित पर्वत ज्वेलर्समा सुनका गरगहना किन्न आएका ग्राहकहरु । ***तस्वीरः न्यूज ओके***

उता सुनको मुल्य क्रमिक रूपमा बढ्दै जाँदा उपभोक्ताहरूले भने नयाँ सुन खरीद गर्नको साटो सुनको पुराना गहनालाई रिफाइन गरी त्यसमा केही नयाँ सुन थपेर नयाँ गहना बनाउने तर्फ लागेको पाइएको छ । व्यवसायीहरूले अहिले ६० प्रतिशत भन्दा बढी उपभोक्ताहरूले पुरानो गहनामा नयाँ सुन थपेर नयाँ गहना बनाउने क्रम बढेको बताउँछन् । पर्वत ज्वेलर्श बैंक रोड भैरहवाका प्रोपोराइटर पुरन सेन्चुरीले पुराना सुनका गहनालाई मासेर नयाँ सुनको गहना बनाउन ग्राहकहरू आउने क्रम बढेको बताए ।

सुनको मुल्य लाउनै नसकिने गरी बढेको बढ्यै छ, पुरानो गहनामा अलिकति नयाँ सुन थप्दा भने जस्तो

**(बाँकी २ पेजमा)**

# सिद्धार्थ यातायात विरुद्ध अविश्वासको प्रस्ताव

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

सिद्धार्थ यातायात व्यवसायी समितिमा आबद्ध १ सय ५० बढी सदस्यहरूले वर्तमान कार्यसमिति बिरूद्ध अविश्वास प्रस्ताव दर्ता गर्ने भएका छन् ।

असन्तुष्ट व्यवसायीहरूले बुधबार भैरहवामा पत्रकार सम्मेलन गर्दै बिहीबार समितिमा अविश्वास प्रस्ताव दर्ता गर्ने जानकारी दिएका हुन् ।

समितिका निवर्तमान अध्यक्ष दिपकराज शर्माले वर्तमान कार्यसमितिले व्यवसायी हकहित र उपभोक्ताको अधिकार प्रति खेलवाड गर्दै कार्य गर्दै आएकाले समितिमा आबद्ध बहुमत सदस्यहरूले अविश्वास प्रस्ताव दर्ता गराउने निर्णय भएको पत्रकार सम्मेलनमा जानकारी दिए ।

व्यवसायीहरूले संयुक्त प्रेस बिज्ञप्ती जारी गर्दै उपभोक्ता र व्यवसायीको आवश्यकता अनुसार नयाँ रूटमा स्तरीय गाडी सञ्चालन गर्न नसकेको, सञ्चालित केही नयाँ

## अध्यक्षसहित पदाधिकारीमाथि नीतिगत भ्रष्टाचार लगायतका सात बुँदे आरोप

स्तरीय गाडीलाई पनि निरूत्साहित हुने गरेको, नीतिगत भ्रस्टाचार गरेको, व्यवसायी, उपभोक्ता तथा आमनागरिकप्रति दायित्वबाट बिमुख भई मर्यादा बिपरीत कार्य गरेको, जिम्मेवार पद र तहबाट अन्य संघ संस्था तथा राजनैतिक दलहरू प्रति अन्तर सामाजिक सञ्जालमा नकारात्मक मान मर्यादा गरी पदको दुरूपयोग गरेर सम्पूर्ण व्यवसायीहरूको आस्था माथि चोट पुर्‍याएको, संस्थाको आवश्यकता र आर्थिक क्षमता भन्दा बढी कर्मचारी भर्ती गरी व्यक्ति विशेषको भर्ती केन्द्र बनाएको, आवश्यकता भन्दा बढी चलानी तथा बिमा रकम बढाएर व्यवसायीलाई कमजोर बनाएको लगायतका कारण देखाउँदै अविश्वासको प्रस्ताव दर्ता गर्न गइहेको पूर्व अध्यक्ष सन्जिब रोक्काले बताए ।

उनीहरूले अब अविश्वास प्रस्ताव मार्फत वर्तमान कार्य समिति बिघटन गर्दै सबल र सशक्त नेतृत्व मार्फत संस्थालाई व्यवसायी नगर तथा उपभोक्ता प्रति आफ्नो दायित्व बोध गर्ने गरी सबल नेतृत्वमा

**(बाँकी २ पेजमा)**




## सातावरीको सुनचाँदीको मूल्य

रुपन्देही

| बार/गते | सुन | चाँदी |
|---|---|---|
| बिही, भदौ ९ गते | ५९,२०० ।- | ८८० ।- |
| शुक्र, भदौ १० गते | ५९,१०० ।- | ८८० ।- |
| शनि, भदौ ११ गते | ५९,००० ।- | ८८० ।- |
| आइत, भदौ १२ गते | ५९,००० ।- | ८८० ।- |
| सोम, भदौ १३ गते | ५९,००० ।- | ८७५ ।- |
| मंगल, भदौ १४ गते | ५९,२०० ।- | ८८५ ।- |
| बुध, भदौ १५ गते | ५८,९०० ।- | ८८५ ।- |

मूल्य/प्रति तोला (११.६६४ ग्राम=१ तोला)
सौजन्यः पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवा
फोनः ०७१-५२१२३३



*अन-लाइन लाइब्रेरीको प्रयोग गरेर आधुनिक पुस्तकले सजिलै ज्ञानको प्राप्ती गर्न सक्ने भए तापनि त्यसो नभएकोमा विज्ञहरुले दुःख व्यक्त गरेका छन् ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# पहिरो पीडित प्यूठानी बालबालिकालाई एसओएसको सहारा

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

करीब २ महिना अघिको बर्षा संगै आएको पहीरोले प्युठानमा घर बगाउदा अभिभावक गुमाएका एकै घरका चार जनालाई एसओएस बालग्राम लुम्बिनी भैरहवामा आश्रय पाएका छन् । बालग्राममा आश्रय पाय संगै चारजनाले अब त्यहीबाट शिक्षा,शिक्षा संगै नँया घर पनि पाएका छन् ।



गत असार २० गते मध्यरातमा प्युठान जिल्लाको रजवारा गाबिसको नेटामा पहीरो जादा दुर्गा बहादुरको परीवारलाई छिन्न भिन्न पारयो । ४१ बर्षिय दुर्ग बहादुर संगै उनकी श्रीमती ३७ बर्षिय सिता मल्ल, जेठी छोरी १० बर्षकी सुसिला मल्ल,माहिली छोरी ४ बर्षकी रेखा मल्ल तथा डेढ बर्षकी कान्छी छोरी सिर्जना मल्लको ज्यान गयो ।

संगै सुतेका ११ बर्षका धन बहादुर मल्ल ९ बर्षकी सरस्वती मल्ल र ७ बर्षका कृष्ण मल्ल बाहीर निस्कन सके र बाच्न सफल भए ।

जेठो छोरा बसन्त मल्ल दिउसो बिद्यालयबाट आएर साथीकहा बस्न गएकाले केही हुन पाएन् । सामान्य अबस्थामा रहेको गोठ जस्तै फुसले छाएको घर पछाडी डोजर लगाएर सडक बाटो खनीएको ठाउ माथिबाट पहीरो खसेर ५ जनाको ज्यान गएको हो ।

घर भित्र सबै एकै कोठामा खाना खाएर सुतेका थिए । खाटमा धन बहादुर र कृष्ण दुई भाई सुतेका थिए । सरस्वती छेउमा परीवारका सदस्य सहीत सुतेकी थिईन । राती करीब १ बजे एक्कासी आवाज आयो, हेर्दा सरस्वती बाहेक सबैलाई पहीरोले पुरेको थियो, बहिनीको कपाल च्यापीएको थियो । तानेर बाहीर ल्यायौ,बाबाको हात देखिएको थियो तान्न धेरै कोसिस गरयौ तर सकेनौ धन बहादुर ले घटना स्मरण गर्दै भने । ढोका नभएको घर पहीरोले पुरेपछी उनिहरू ज्यान जोगाउदै बाहीर निस्कीए । बाहीर रोएको सुनेर नजिकमा रहेका काका आउदा सबै छिन्न भिन्न भैसकेको थियो ।

पहीरोले परीवारलाई छिन्न भिन्न पारेपछी बेसहारा जस्तै भएका उनिहरूलाई साथसाथ बालबालिका संगसंगै नामक गैरसरकारी सस्थाको पहलमा भैरहवा स्थित एसओएस बालग्राममा आश्रयको लागी प्रयास भयो र करीब २ महिनामा उनिहरू यँहा आई पुर्ण रूपमा आश्रय लिएको र सबै जिम्मेवारी अब आफुहरूको रहेको एसओएस बालग्राम लुम्बिनीका निर्देशक बिजय जंग राणाले बताए ।

नवौं पुस्तकालय दिवस

# पुस्तक पढ्ने बानी बसालौं

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

भदौं १५ का दिन नेपाल भरी पुस्ताकालय दिवस विविध कार्यक्रम गरी मनाइएको छ । पुस्ताकालय दिवसको अवसरमा जिल्ला शिक्षा कार्यलय रूपन्देही र अमेरिकन कर्नर भैरहवा, सामुहिक विद्यालय परिवार रूपन्देही तथा भैरहवा स्रोत केन्द्र भैरहवाको सहआयोजनामा भैरहवा वृहत् अन्तरक्रिया सम्पन्न भएको छ ।



भैरहवा स्थित अमेरिकन कर्नर भैरहवाको पुस्ताकालय कक्षमा भएको कार्यक्रममा नेपालमा पुस्ताकालयको इतिहास र यसको प्रयोगको बारेमा चर्चा भएको थियो ।

जिल्ला शिक्षा कार्यालय रूपन्देहीका प्रमुख टेक बहादुर थापाको सभापतित्व, प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद ढकालको प्रमुख आतिथ्यता एवं स्थानीय विकास अधिकारी युवराज सुवेदीको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रमुख वक्ता वरिष्ठ पत्रकार एवं अमेरिकन कर्नरका संस्थापक दिलीप भट्टराई रहेका थिए ।

अमेरिकन कर्नर भैरहवाको सूचना अधिकृत दिपीका गिरीको सञ्चालनमा सम्पन्न कार्यक्रममा सामुहिक विद्यालय परिवारका अध्यक्ष राजेन्द्र घिमिरे, सिद्धार्थ उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष डा. शान्त कुमार शर्मा, कोषाध्यक्ष जिवलाल अर्याल, नवौं राष्ट्रिय पुस्ताकालय दिवस समारोह समितिका सदस्य तथा भैरहवा उच्च मा.वि.का प्राचार्य चुन्न प्रसाद पाण्डे, उच्च मा.वि विद्यालय परिषद्का सदस्य घनश्याम पाठक लगायतले मन्तव्य राख्दै पुस्तक पढ्ने बानी बसाल्न आग्रह गरेका थिए ।

सो अवसरमा वक्ताहरूले अन-लाइन लाइब्रेरीको प्रयोग गरेर आधुनिक पुस्ताकले सजिलै ज्ञानको प्राप्ती गर्न सक्ने भएता पनि त्यसो नभएकोमा चिन्ता समेत व्यक्त गरेका थिए ।

जीवन पर्यन्त शिक्षाका लागि पुस्तकालय भन्ने नारा सहित देशभर ९ औं पुस्ताकालय दिवस बुधवार मनाइएको छ ।

सो अवसरमा विभिन्न विद्यालयका विद्यार्थी, पत्रकार, शिक्षक तथा पुस्तकप्रेमीहरूको उपस्थिति रहेको थियो । सो अवसरमा जिवन पर्यन्त शिक्षाका लागि पुस्तकालय भन्ने शिर्षकमा सम्पन्न निबन्ध प्रतियोगिताका प्रतियोगिहरू मध्ये प्रथम भएका कालिका मा.वि बुटवका सन्तोष भण्डारी, लक्ष्मी पौडेल सनलाइट बोडिंङ हाइस्कुल पड्सरीको दोस्रो, श्रीधर बेलबासे आर्दश विद्या मन्दिर भैरहवाका तेस्रो, पुजा थापा क्षेत्री दुर्गा मा.वि दुर्गानगरकी सान्तवना पुस्कार प्राप्त गरेका थिए ।

# पत्रपत्रिकाको वर्गीकरण मापदण्ड परिमार्जन गरिँदै

***न्यूज ओके रिपोर्टर***
काठमाडौं ।

प्रेस काउन्सिल नेपालले पत्रपत्रिका वर्गीकरण मापदण्ड परिमार्जन गर्ने भन्दै छलफल अगाडी बढाएको छ ।

पत्रपत्रिका वर्गीकरणलाई अझ व्यवहारिक, वैज्ञानिक, पारदर्शी र वस्तुनिष्ट, बनाउन काउन्सिल अन्तर्गतको 'वितरण सम्परीक्षण समिति' ले सो मापदण्डको मस्यौदा परिमार्जनका लागि छलफल अगाडि बढाएको हो ।

सम्बन्धित क्षेत्रका विज्ञ र संघ संस्थाको सुझावका आधारमा मस्यौदालाई पूर्णता दिई कार्यान्वयनमा ल्याइने काउन्सिलका अध्यक्ष बोर्णबहादुर कार्कीले जनाउँदै सम्बन्धित क्षेत्रबाटै परिमार्जन गर्नुपर्ने गुनासो आएकाले पनि परिमार्जन गर्ने तयारी गरिएको उल्लेख गरे ।

"पत्रपत्रिका वितरण सम्परीक्षण मापदण्ड-२०६६" मा भएका कतिपय त्रुटिका कारण वर्गीकरणमा विभेद गरिएको भन्दै काउन्सिलमा गुनासो आएका कारण पनि परिमार्जन गर्न छलफल अगाडि बढाइएको हो ।

काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसालले कतिपय पत्रपत्रिका बजारमा देखिँदैन, तर काउन्सिलको वर्गीकरणको सुविधा लिइरहेका छन् । त्यसलाई कडाइ गर्नका लागि पनि मापदण्ड परिमार्जन गर्न लागिएको जनाए ।

काउन्सिलले राष्ट्रिय क्षेत्रीय र स्थानीय गरी तीन श्रेणीमा पत्रपत्रिका विभाजन गर्दै आएको र त्यही आधारमा सूचना विभागले लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको छ ।

अहिले वर्गीकरणका लागि एक सय पूर्णाङ्क मध्ये वितरीत संख्यामा २५ अङ्क, निरन्तरतामा पाँच, आचार संहितामा १५, विषयवस्तुमा २५, क्षेत्रगत समाचारका लागि १५, भाषाका लागि १० र साजसज्जा तथा छपाइमा पाँच अङ्क छुट्याएकोमा मापदण्ड परिमार्जनका क्रममा उल्लेखित अङ्कलाई समेत घटबढ गरिने बताइएको छ ।

परिमार्जित मापदण्ड आर्थिक वर्ष २०७२/७३ मा प्रकाशित पत्रपत्रिकाको वर्गीकरणमा लागू गर्ने




काउन्सिलको सोच छ । आर्थिक वर्ष २०७१/०७२ को वर्गीकरण नतिजा भने अबको दुई हप्ताभित्रमा सार्वजनिक गरिनेछ ।

आव २०७१/७२ मा वर्गीकरणका लागि ९१० पत्रपत्रिकाले निवेदन दिएका छन् । सूचना विभागका अनुसार अहिले मुलुकभर करीब सात हजार १९ पत्रपत्रिका प्रकाशित छन् ।

विगतका वर्षमा अङ्क नपुग भएका, अवज्ञाकारीको सूचीमा परेका, पृष्ठ नपुगेका, कम्प्युटर प्रिन्ट, हुबहु, संस्थागत प्रकाशन र फोटोकपी गर्ने पत्रपत्रिकालाई वर्गीकरणमा पारिएको छैन । आव २०६९/७० मा ८०९ पत्रपत्रिकाले वर्गीकरणको निम्ति निवेदन दिए पनि ३९७ मात्र वर्गीकरणमा परेका थिए । त्यसैगरी २०७०/७१ मा ८४० पत्रपत्रिकाले वर्गीकरणका लागि निवेदन दिए पनि ४५५ मात्र वर्गीकरणमा परेका थिए ।

काउन्सिलका अनुसार गुणस्तरीय पत्रिका प्रकाशन गर्नेभन्दा पनि वर्गीकरण र सूचना विभागले दिने विज्ञापनलाई लक्षित गरेर मात्र प्रकाशन गर्ने र वर्गीकरणका लागि झुटा विवरण पेस गर्ने गरिएको पाइएको छ ।

काउन्सिलले पत्रपत्रिकाको वर्गीकरण सम्बन्धी कार्य २०४० सालदेखि गर्दै आए पनि कानुनी रूपमा प्रेस काउन्सिल ऐन, २०४८ आएपछि स्वायत्त संस्थाका रूपमा वितरण सम्परीक्षण समिति गठन भएको थियो । सो समिति मार्फत वर्गीकरणसम्बन्धी काम हुँदै आएको छ ।

कानुनले पत्रपत्रिकाको वर्गीकरण गर्ने जिम्मेवारी वितरण सम्परीक्षण समितिलाई तोके पनि वर्गीकरण गर्ने विधिका बारेमा कानुनमा स्पष्ट व्यवस्था नभएकाले २०५५सालमा काउन्सिलद्वारा वर्गीकरण मापदण्ड कार्यान्वयनमा ल्याइएकामा यसलाई २०५७, २०५९, २०६४ र २०६६ मा परिमार्जन गरिएको थियो ।

काउन्सिलले छापा माध्यमसँगै रेडियो, टेलिभिजन र अनलाइन सहितका विद्युतीय सञ्चार माध्यमलाई समेत वर्गीकरण गर्न छलफल अघि बढाएको छ । पत्रपत्रिकाको वर्गीकरण काउन्सिलले गरिरहेको हुँदा अर्को निकाय खडा गर्ने भन्दा पनि अनुभवको आधारमा विद्युतीय सञ्चार माध्यमको वर्गीकरण गर्ने अधिकार पनि काउन्सिललाई नै दिनुपर्ने अध्यक्ष कार्कीको भनाइ छ ।

# संघीय यातायात विभागको अधिवेशन

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

राष्ट्रिय जनमुक्ति पार्टी संघीय यातायात विभाग लुम्बिनी व्यूरो भेला तथा रूपन्देही शाखाको प्रथम अधिवेशन सम्पन्न भएको छ ।

सो भेलाले रूपन्देही शाखाकोलागि अर्जुन थापा मगरको अध्यक्षतामा १२ सदस्यीय समिति चयन गरेको छ । जसको उपाध्यक्षमा इजाज वारिस, सचिवमा सूर्य बहादुर गुरूङ, कोषाध्यक्षमा खड्ग बहादुर गुरूङ, सदस्यहरूमा बमबहादुर बराल मगर, तारा बहादुर राना, समिर थापा, पारस थापा, पूर्ण बहादुर गाहा, रमेश बहादुर कुर्मी, नारायण थापा, कृष्ण गुरूङ चयन भएका छन् ।

त्यस्तै सोही भेलाले लुम्बिनी व्युरोको ११ सदस्यीय तदर्थ कार्यसमिति पनि चयन गरेको छ । जसको अध्यक्षमा रन बहादुर बुढाथोकी मगर, उपाध्यक्षमा ओम बहादुर थापा मगर, सचिवमा महेश राना कोषाध्यक्षमा शैलेन्द्र कुमार गुप्ता सदस्यमा धनबहादुर गुरूङ, सुरेन्द्र थापा मगर, शिवराज गुप्ता, शंकर बहादुर थापा, भरत दर्लामी, लोक बहादुर गुरूङ चयन भएका छन् । सो व्यूरोका भेलाले आगामी ३ महिना भित्र प्रथम अधिवेशन गर्ने छ ।

उक्त कार्यक्रमको अध्यक्षता रूपन्देही शाखाका अध्यक्ष रन बहादुर बुढा मगर, प्रमुख अतिथीमा पार्टी महासचिव केशव सूर्यवंशी, विशिष्ट अतिथीमा संघीय यातायातका प्रमुख सूर्य कुमार सारूमगर, नवलपरासी, कपिलवस्तु लगायतका पदाधिकारीहरूको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

# आध्यात्मिक सम्मेलनमा सहभागिता

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय भैरहवाले संस्थाको माउण्ट आबू राजस्थानमा अवस्थित अन्तर्राष्ट्रिय मुख्यालयमा शिक्षा विभागद्वारा आयोजना हुने मूल्य र आध्यात्मिक शिक्षाद्वारा स्वस्थ एवं सुखी समाजको पुनर्निर्माण विषयक पाँच दिवसीय महासम्मेलन र आध्यात्मिक प्रवचन तथा राजयोग अनुभूति शिविरमा सहभागि हुने नेपाली समुहलाई एक कार्यक्रमक बीच बुधबार बिदाई गरेको छ ।

संस्थाका क्षेत्रीय प्रमुख ब्रह्माकुमारी शान्ति दिदीले दिव्यशान्ति रिट्रिट सेन्टर भैरहवामा आयोजित बिदाई कार्यक्रममा वर्तमान समय नैतिक मूल्यको अभावले सृजीत समस्या कम गर्ने चाहना तथा अध्यात्मप्रति को रूचीका कारण ब्रह्माकुमारीको अन्तर्राष्ट्रिय मुख्यालयको कार्यक्रमहरूमा सहभागि हुन चाहनेको संख्या तीव्र रूपमा बढेको बताउँदै सिमित कोटामा पर्न सफल समुहका सबै सदस्यहरूलाई कार्यक्रमको पुरा लाभ लिन आग्रह गरे ।

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय नेपालका सचिव ब्रह्माकुमार भूपेन्द्र अधिकारीको नेतृत्वमा भैरहवाका करीब ५० जनाको समुह बुधबार त्यस तर्फ प्रस्थान गरेको छ ।

यही भाद्र १७ गतेदेखि ५ दिनसम्म माउण्ट आबूको शान्तिवन परिसरमा चल्ने शिक्षा सम्बन्धि महासम्मेलनमा ६ सय बढी अध्यात्मप्रेमी नेपालीहरूका साथै भारतका विभिन्न प्रान्तका समेत ६००० (छ हजार) को सहभागिता रहने संस्थाको क्षेत्रीय कार्यलय भैरहवाले जनाएको छ ।

# चितुवा खोज्दै प्रहरी

***न्यूज ओके रिपोर्टर***
अर्घाखाँची ।

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-९ गञ्छेबजार नजिक मर्काखोलामा चितुवाको आक्रमणबाट मंगलबार राति एक बालिकाको ज्यान गयो ।

घरमै बसेर पढिरहेको बेला ७ वर्षकी अस्मिता मुखियालाई चितुवाले आक्रमण गरेको प्रहरी निरिक्षक सुजनराज भण्डारीले जानकारी दिए । त्यस्तै गएको आइतबार सन्धिखर्क नगरपालिका-९ खाँचिकोटको कुरदुवारमा सूर्य बहादुर बिकको ५ वर्षकी छोरी ललिता बिकको पनि चितुवाको आक्रमणबाट ज्यान गएको थियो ।

आफूहरू गाँउमा चितुवाबाट असुरक्षित भएको र नरभक्षी चितुवा नमारेसम्मबालिकाको शव नउठाउने भन्दै स्थानीय बासिन्दाले जिल्ला प्रशासनमा आएर निबेदन दिएका थिए । प्रशासनमा निवेदन दिएपछि प्रहरी परिचालन गरी चितुवाको खोजी भइरहेको छ । सन्धिखर्क, ढिकुरा र नुवाकोटका बासिन्दाले नरभक्षी चितुवा मार्न आग्रह गर्दै प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई निबेदन दर्ता गराएपछि प्रशासनले चितुवा खोज्न प्रहरी परिचालन गरेको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताए ।

अर्घाखाँचीमा चितुवाको आक्रमणबाट पछिल्लो तीन वर्षको समयमा ८ जनाको ज्यान गएको छ । चितुवाको आक्रमणबाट किमडाडामा ३, नुवाकोटमा २, र सन्धिखर्कमा ३ गरि आठ बालबालिकाको ज्यान गएको छ । सात जना घाइते भएका छन् ।

# अध्यक्षमा पौडेल

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

नेपाल पशु स्वास्थ्य सेवा प्राविधीक सघं नेल्टा रुपन्देहीको जिल्ला भेला भैरहवामा सम्पन्न भएको छ । नेल्टाको पहीलो भेलाले खेम प्रसाद पौडेलको अध्यक्षतामा ११ सदस्यि कार्यसमीती निर्वीरोध चयन गरेको छ । समीतीको उपाध्यक्षमा राम बहादुर यादव, सचिवमा सालीकराम खनाल, सह सचिवमा बालकृष्ण घिमीरे र कोषाध्यक्षमा उपेन्द्र बराल रहेका छन् । त्यसैगरी समीतीको खुल्ला सदस्य तर्फ प्रदिप घिमीरे, उपेन्द्र बराल, समावेसी तर्फ अखलेस कुमार यादव, महीला तर्फ गिता घिमीरे र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता सदस्यमा हरी ज्ञवाली चयन भएका छन् । बिधान अनुसार एक जना सदस्य पछि मनोनित गर्ने ब्यबस्था रहेको अध्यक्ष पौडेलले जानकारी दिए ।

लक्ष्मण घिमीरेको अध्यक्षता, नेपाली काग्रेसका महाधिवेसन प्रतिनीधी बैजनाथ पाठकको प्रमुख आतीथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा सघंका महासचिव सुरेस कुमार श्रेष्ठ, नेपाल निजामती कर्मचारी ट्रेड युनियन रुपन्देहीका उपाध्यक्ष चक्रपाणी पाण्डे, जिल्ला पशु सेवा कार्यालय रुपन्देहीका प्रमुख डा. गान्धि राज उपाध्याय, देवनाथ शाह, नेल्टाका केन्द्रीय प्रतिनीधी छविलाल भट्टराई, महेन्द्र भण्डारी, शालीक राम खनाल लगायतलै मन्तब्य राखेका थिए ।

## सुनको मूल्य आकासिँदा ...

नयाँ डिजाईनको गहना बन्ने भएकाले यसमा आकर्षित भएको उपभोक्ता अञ्चलपुरकी सरिता सापकोटाले बताईन् ।

सुनका पुराना गहनाहरू आउट डेटेड पनि भए अब, त्यसमा केही थपेर नयाँ डिजाइनका गहना समेत बनाउन सकिने भएकाले यसमा आकर्षित भएकी छु, तिलोत्तमा नगरपालिकाकी अनुपमा ज्ञवालीले बताईन् ।

सुनको मुल्य बढ्दै गएपछि उपभोक्तामा नयाँ सुन खरीद गर्ने कयशक्तिमा कमि आएको र पुरानो गहनालाई रिफाइन गरी नयाँ गहना बनाउने प्रचलन बढेको हो ।

सुनको मुल्य बढ्दै जाँदा उपभोक्ताहरू सिमित मात्रामा मात्रै सुन पसलमा देखिन थालेका छन् । सिमावर्ती शहरमा भारतीय ग्राहकहरू पनि नेपाली सुनमा शुद्धता हुने भन्दै अघिल्ला वर्षहरूमा खरीद गर्न धेरै आउने गर्दथे । तर मुल्य बढ्दै जाँदा भारतीय ग्राहकहरू समेतले सुनका गहना खरीद गर्न छाडेका छन् । बजारमा सुनका ग्राहक नभए पनि सुनको अभाव भने नरहेको व्यवसायीहरू बताउँछन् ।

तीजमा तातिन नसकेको रूपन्देहीको सुनको बजार दशै, तिहार र छठ पर्व र त्यसपछि आउने बिबाहको महिनाहरूमा बढ्नेमा आशावादी रहेका छन् । बुधबार रूपन्देहीमा सुनको मुल्य ५९ हजार २ सय रूपैयाँ प्रतितोला रहेको थियो ।

रूपन्देही जिल्लामा करीब ३ सयको हाराहारीमा सुनचाँदी व्यवसायीहरू छन् । भैरहवामा करीब ६० तथा बुटवलमा १ सय भन्दा बढी व्यवसायी रहेका छन् । त्यस्तै गरी तिलोत्तमा नगर, देबदह, सैनामैनामा शाखा छ, भने लुम्बिनीमा उपशाखा रहेको छ ।

## सिद्धार्थ यातायातमा अविश्वासको ...

बिधानत संस्थागत रूपमा विधिबत रूपले अगाडी बढ्ने निर्णय बहुमत सदस्यले गरेको दाबी व्यवसायीहरूले गरेका छन् ।

अविश्वास प्रस्ताव दर्ताका लागि हाल सम्म १५२ जनाले हस्ताक्षर गरिसकेको ईश्वरी भण्डारीले बताउँदै बहुमत भन्दा पनि बढी सदस्यले वर्तमान समितिको बिघटनको माग सँगै सबल नेतृत्वको पक्षमा रहेको बताएका छन् ।

व्यवसायीहरूले समितिको बिधान २०४७ को सातौ संसोधनको दफा १३ बमोजिम अविश्वास प्रस्ताव दर्ता गर्न जान लागेका हुन् ।

वर्तमान अध्यक्ष सूर्यकुमार सारू मगर २०७१ पुस ४ गते अध्यक्षमा निर्वाचित भएका हुन् । तत्कालिन अध्यक्ष दिपक राज शर्मा उनी सँग निर्वाचनमा पराजित भएका थिए ।

सिद्धार्थ यातायात व्यवसायी समितिले स्वतन्त्र भै यातायात सेवा सञ्चालन गर्न नसकेको आरोप शर्मा को पालो देखि नै लाग्दै आएको छ ।





**तीजमा सेल्फी**
*नजिकिँदै गरेको तीजको अवसरमा आयोजित एक कार्यक्रमका सहभागी महिलाहरु सेल्फीमा ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# भैरहवामा बजाजको एक्सचेन्ज अफर

## दुई दिनमा ५१ मोटरसाईकल बिक्री

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

एचएच बजाजको भैरहवा क्षेत्रको अधिकृत बिक्रेता बज अटोमोबाईल्सले मंगलबार बाट सञ्चालनमा ल्याएको तिन दिने एक्सचेन्ज अफरको पहीलो र दोश्रो दिन गरी ५१ वटा मोटरसाईकल एक्सचेन्ज तथा नँया खरीद भएको छ ।

आउदै गरेको दशै,तिहार र छठ पर्बलाई मध्यनजर गरी सञ्चालनमा ल्याएको अफर अन्तरगत पहीलो दिन १६ वटा मोटरसाईकल एक्सचेन्ज भएको र ६ वटा नँया बिक्री भएको बज अटोका प्रबन्ध निर्देशक हरी थापाले बताए । थापाका अनुसार पल्सर १५० सिसि १२ वटा,डिस्कभर १२५ सिसि ७ , प्लेटीना २ र एभेन्जर १ गरी २२ वटा बिक्री भएका छन् । त्यस्तै गरी बुधबार दोश्रो दिन १९ वटा एक्सचेन्ज र १० वटा नँया बिक्री भएको थापाले उल्लेख गरे । थापाका अनुसार बुधबार एक्सचेन्ज र बिक्रीमा एभेन्जर ७ वटा,१५० सिसि ९ वटा,डिस्कभर ९, प्लाटिना २ र २२० सिसिको २ वटा बिक्री भएका छन् ।



एक्सचेन्ज अफरमा बाईक खरिदका लागी बाईक टेष्ट गर्दै एक युबा । *तस्बिर: न्यूज ओके*

एक्सचेन्ज अफर मा आउने र नँया खरीद गर्नेलाई बाईक संगै हेलमेट,ब्याग,बाईक कभर,ग्रिप र वाक्स निशुल्क बितरण गरीएको थापाले उल्लेख गरे ।

तिन दिन सम्म सञ्चालन हुने एक्सचेन्ज अफरमा अन्य कम्पनिका मोटरसाईकल चढदै आएका तर बजाज बाईक चढन ईच्छुक रहेकाहरूलाई लक्षित गरी यो अफर ल्याएको कम्पनिले जनाएको छ ।

एक्सचेन्ज अफरमा जुनसुकै कम्पनीको पुराना मोटरसाईकलको उचित मूल्यांकन (२० प्रतिशत बढी) स्पट फाईनान्स लगायतको सुबिधा उपलब्ध रहेको छ ।

साथै कमपनिले चाडपर्बलाई लक्षित गरी ल्याएको नँया उपहार पनि सार्बजनिक भएको छ । उपहार योजनामा नँया बाईक खरीदमा स्क्रयाच कार्ड मार्फत ६ हजार रूपैया देखि १ लाख रूपैया सम्म नगद रहेको थापाले बताए ।



**कुन राम्रो छ ?** भैरहवाको मैत्रीपथस्थित एक शृङ्गार पसलमा पोते छनौट गर्दै एक महिला । तीज नजिकिँदै जाँदा चुरापोतेको व्यापार ह्वात्तै बढेको छ । *तस्बीर: न्यूज ओके*

# पञ्चकन्या डे मा रक्तदान

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

पन्चकन्याग्रुपले भदौं १५ को अवसरमा आफ्नो स्थापना दिवस मनाएको छ । ग्रुपले पन्चकन्या डे को रुपमा भदौं १३, १४ र १५ गते विविध कार्यक्रम गरी मनाएको हो ।

यसैबीच पन्चकन्या ग्रुपको फयाक्ट्री रहेको क्षेत्र रुपन्देहीको कोटिहवामा रक्तदान कार्यक्रम सम्पन्न भएकोछ । फयाक्ट्रीका योजना तथा सन्चालन प्रमुख देवेन्द्र साहूले शुरुमा रक्तदान गरी सो कार्यक्रमको शुभारम्भ गरेका थिए । उक्त अवसरमा पन्चकन्या ग्रुपसंग आवद्ध ६० जना कर्मचारीले रक्तदान गरेको प्रशासन प्रबन्धक राजेन्द्र ज्ञवालीले जानकारी दिए ।

ललितपुरमा केन्द्रिय कार्यलय रहेको ग्रुपले पन्चकन्या डे को अवसरमा काठमाण्डौंमा यु एस एड संग सहकार्यगरी एचआइभी एड्स र यौनरोग सम्बन्धी कार्यक्रमकोलागी साथ साथ परियोजनालाई सहयोग गरेको छ ।

पन्चकन्या डे को अवसरमा पन्चकन्या ग्रुपका धुब्र कुमार श्रेष्ठले शुभकामना सन्देश दिदैं आगमी दिनमा ग्रुपले सामाजिक सेवामा अझै अग्रसर भई लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् । पन्चकन्या ग्रुप आजभन्दा ४४ वर्ष अगाडी विर्तामोडमा पन्चकन्या राइस मिलबाट व्यवसाय शुरु गरेर यहां सम्म आएको हो ।

यो ग्रुप अहिले नेपालको सफल उद्यमी व्यवसायीक ग्रुपको रुपमा नेपालमा स्थापीत छ ।

**आकर्षक घडेरी विक्रीमा**

**भैरहवाको मुटु सिद्धार्थनगर नगरपालिका वडा नं.– ९ स्थित प्रभातपथमा, राजमार्गदेखि १०० मिटर भित्र ३५ धुर आकर्षक जग्गा (घरसहित) विक्रीमा रहेकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।**

*नोट: कृपया दलालले कष्ट नगर्नुहोला ।*

**सिधा सम्पर्क: ९८५७०२३७३६**

**बम्पर सेल ! बम्पर सेल !! बम्पर सेल !!!**

सम्पूर्ण ग्राहक महानुभावहरुको सुविधालाई मध्यनजर गर्दै हिन्दू हरुको महान चाड तीज, दशैं, शुभ-दिपावली तथा छठ पर्वको उपलक्ष्यमा विभिन्न साडीहरुमा १0 प्रतिशत देखि 30 प्रतिशतसम्म छुट गरिएको हुँदा मौकाको फाइदा उठाउनुहोस् ।

एउटा साडी किन्दा एउटा फल्स सित्तैमा उपहार योजना कायमै छ।

**न्यू गौचन फेन्सी स्टोर**
बैंकरोड, भैरहवा, फोन: ०७१-५२०१६८










**हार्दिक शुभकामना**

भैरहवाबाट **न्यूज ओके** साप्ताहिक पत्रिकाले आफ्नो प्रकाशन शुभारम्भ गरेकोमा पत्रिकाको निरन्तरताको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

माधव शर्मा
(अध्यक्ष)

**लुम्बिनी खुकुरी क्लब**
बेलहिया, रुपन्देही, नेपाल



**खेतीयोज्य जमिन सखाप**

*रूपन्देहीमा १० वर्ष यता भ्रण्डै साढे ५ हजार हेक्टर खेती योग्य जमिनमा प्लटिङ्ग भएको छ। खेतीयोग्य जमिन ८२ हजार ६ सय २२ हेक्टरबाट घटेर ७७ हजार ६ सय हेक्टरमा सिमित भएको छ। एक वर्षमा मात्रै भ्रण्डै ५ सय हेक्टर खेती योग्य जमिनलाई खण्डीकरण गरेर घडेरीका रूपमा परिणत गर्ने गरिएको छ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# प्लटिङ्गले नासिँदै खेतीयोग्य जमिन, कृषि उत्पादन घट्दै

***भुवन पाण्डे***
भैरहवा।

रूपन्देहीमा खेती योग्य जग्गा खण्डीकरण गरेर घडेरीका रूपमा परिणत गर्नेक्रम बढेको छ। यसले गर्दा क्षेत्रसँगै खाद्यान्न उत्पादन समेत घट्दै गएको छ। धान र गहूँ बढी फल्ने सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिका र बुटवल उप महानगरपालिकाको खेती योग्य जमिन लगभग सकिएको छ। पूर्व पश्चिम राजमार्ग छेउका खेती योग्य भूमि सैनामैना, देवदह र बुद्ध जन्मस्थल रहेको लुम्बिनी संस्कृतिक नगरपालिकामा पनि प्लटिङ्ग बढेको छ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार रूपन्देहीमा १० वर्ष यता भ्रण्डै साढे ५ हजार हेक्टर खेती योग्य जमिनमा प्लटिङ्ग भएको छ। खेतीयोग्य जमिन ८२ हजार ६ सय २२ हेक्टरबाट घटेर ७७ हजार ६ सय हेक्टरमा सिमित भएको छ। एक वर्षमा मात्रै भ्रण्डै ५ सय हेक्टर खेती योग्य जमिनलाई खण्डीकरण गरेर घडेरीका रूपमा परिणत गर्ने गरिएको छ।

राज्यले तत्काल भुउपयोग नीति नबनाउने हो, भने देशमै उच्च बसाँई सराइ रहेको रूपन्देहीमा बचेको खेती योग्य जमिन पनि केही वर्षमै सकिने जिल्ला कृषि विकास कार्यालयका प्रमुख भोजराज सापकोटाले बताए। "प्लटिङको काम दिनहुँ बढ्दो छ।" उनले भने "अघिल्लो सिज्नमा कृषि उपज निरीक्षण गर्न गएको ठाउँ अर्को सिज्नमा पुग्दा प्लटिङले खण्डहर बनेका हुन्छन्।"

वि.स. २०६५ साल यता रूपन्देहीमा उकासिएको प्लटिङ र घर जग्गा कारोबार बैंकले घर जग्गामा लगानी दिन कडाई गरेपछि घटेको थियो।

दोस्रो संविधान सभापछि केही सुधारिएको कारोबार गत वर्षबाट पुन ह्वात्तै बढेको हो। मधेश आन्दोलनको प्रभाव कम पर्नु र नाकाबन्दीमा पनि नाका सञ्चालन हुनु यसका प्रमुख कारण हुन्।

यसले रूपन्देही आर्थिक केन्द्र बन्दै र आवासका रूपमा समेत धेरैको आकर्षण बन्दै गएको छ। बुद्ध जन्मस्थल लुम्बिनीको महत्व बढ्दै जानु र महत्व अनुसार विकास योजना पर्नु दोस्रो कारण हो। भैरहवामा अन्तर्राष्ट्रिय गौतमबुद्ध विमानस्थल र विशेष आर्थिक क्षेत्र सेजको स्थापना हुनुले पनि धेरैको आकर्षण रूपन्देहीमा भएको हो।

आवासका लागि ठूलो ठूलो जमिन किनेर प्लटिङ गर्ने व्यवसायीहरू निकै बढेका छन्। सडक सञ्जालको बढ्दो विकासले गाउँ गाउँसम्म प्लटिङ बढेको छ।

शैक्षिक संस्था, अस्पताल र कलकारखानाको बृद्धिले राजमार्ग भन्दा टाढाका क्षेत्रमा समेत खेती योग्य भूमि नास्ने र घर जग्गा कारोबार गर्ने बढेको छ। कृषि, आवास र औद्योगिक क्षेत्र नछुट्याउँदा कृषि भूमि धमाधम नासिएको कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत बिनोद ज्ञवालीले बताए।

रूपन्देहीका मालपोत कार्यालय बुटवल र भैरहवाका अनुसार बजारोन्मुख पर्रोहा, करहिया, आनन्दवन, टिकुलीगढ, सेमलार, मोतीपुर, देवदह, आनन्दवन, माधवलिया, मंगलापुर, पड्सरी, टिकुलीगढ, लुम्बिनी लगायतमा क्षेत्रको जग्गाको कारोबार उच्च छ। नयाँ थपिएका नगरपालिका क्षेत्रका भित्री सडकमा समेत जग्गा बारोबार तीव्र छ। यी क्षेत्रमा प्लटिङ र फुटकर दुवै जग्गाको बिक्री बढेको छ। स्पष्ट भुउपयोग नीति नहुँदा कुन जग्गा केमा प्रयोग गर्ने भन्ने योजना छैन। कृषि योग्य भूमिमा धमाधम प्लटिङ गर्ने र घर ठडाउने काम भएको छ।

राज्यले नियम नबनाउदासम्म कुनै कार्यालय एक्लैले खेती योग्य जमिन बचाउन र प्लटिङ रोक्न नसक्ने अधिकृत ज्ञवालीले बताए। सरकारले कृषि भुमिको खण्डीकरणलाई रोक्न तत्काल भूउपयोग नीति बनाएर कार्यान्वयनमा लेराउन जरूरी छ। नत्र बचेको कृषि भूमि पनि सकिइ परनिर्भरता अझ बढ्ने सरोकारवालाहरूको भनाइ छ।



रूपन्देहीको तिलोत्तमामा भर्खरै कृषि भूमि नासेर प्लटिङ गरिएको क्षेत्र। एक वर्षमा मात्रै भ्रण्डै ५ सय हेक्टर खेती योग्य जमिनलाई खण्डीकरण गरेर घडेरीका रूपमा परिणत गर्ने गरिएको छ। *तस्विरः भुवन पाण्डे*



दुर्घटना बनाउने खाडलः भैरहवा व्यस्त चोक बर्मेलीटोलस्थित सडक खण्ड। ६ लेन सडक निर्माणमा ढिलाई हुँदा दुर्घटना बढीरहेका छन् भने सर्वसाधारणले दुःख पाइरहेका छन्। *तस्बीरः दीपक परियार/न्यूज ओके*

# बिषादीको प्रयोग बढ्दो, जाँच्ने मेसिन छैन

***न्यूज ओके रिपोर्टर***
भैरहवा।

किसाहरूको माग अनुसार भैरहवामा ६ दिने एग्रोभेट तालिम संपन्न भएको छ। विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखा र जिल्ला कृषि विकास कार्यालयको सहजकीरणमा बिषादी सम्बन्धी तालिम सम्पन्न भएको हो।

जिल्लामा रहेका एग्रोभेट र नयाँ एग्रोभेट सञ्चालनका लागि तालिमको आवश्यकता पर्ने हुँदा किसानहरूको पहलमा तालिमको आयोजना गरेको बालि संरक्षण अधिकृत तथा बिषादी निरीक्षक राम बहादुर खत्रीले बताए। तालिममा विषादी भनेको के हो, यसको प्रयोग गर्ने प्रकृया, गर्ने असरहरू, विषादी सम्बन्धी ऐन र निमावली लगायतका विषयमा जानकारी गराएको विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखा काठमाडौका विषादी रजिष्ट्रार वेद प्रसाद चौलागाईले बताए।

विषादी खुद्रा विक्रेता इजाजत पत्र, सुरक्षित भण्डारण एवम् प्रयोग सञ्चालन कार्यविधि २०७१मा आधारित विषादी सुरक्षण र भण्डारण सम्बन्धि लिइने परीक्षामा उत्तरीणलाई एग्रोभेट सञ्चालन गर्न ईजाजत प्रमाण पत्र दिइने गरिएको छ।

तालिममा जिल्लाभरीका २७ जना किसानहरूको सहभागिता रहेको थियो। अहिले तरकारीहरूमा किसानहरूले बिषादीको प्रयोग धेरै गर्ने गर्छन्। बिषादीका बारेमा जानकारी नलिई प्रयोग गर्ने गर्दा प्रयोग गरेको ३, ४ दिनमै उत्पादन गरेको तरकारी बजारमा बेच्दा त्यसको प्रयोगले उपभोक्ताहरूलाई असर गर्ने गरेको छ।

बिषादी सम्बन्धी जानकारी र पछि एग्रोभेट सञ्चालन गर्ने उद्देश्यले तालिममा सहभागि भएको रूपन्देन्हीको सूर्यपुराका किसान चापप्रसाद सिञ्जालीले बताए। नेपालमा कालीमाटी फलफुल तथा तरकारी बजारमा मात्र बिषादी मापन गर्ने मेसिन छ। अन्य जिल्लाहरूमा मापन गर्ने मेसिन नहुँदा कति बिषादी प्रयोग भएको छ भन्ने जानकारी हुँदैन उपभोक्ताहरू जस्तो तरकारी लेरायो त्यस्तै तरकारी जाँच नगरी प्रयोग गर्न बाध्य छन्। यो वर्ष अन्य ५ ठाँउमा पनि मेसिन राख्ने विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखा कार्यालय काठमाडौले जानकारी दियो।

जिल्ला कृषि विकास कार्यालयबाट दर्ता भएका रूपन्देहीमा २९६ वटा एग्रोभेटहरू रहेका छन्। १ दर्जन भन्दा बढी दर्ता नभइ सञ्चालन भइरहेका छन्। बेला बेलामा अनुगमन नगर्दा बिना इजाजत तालिम नलिएका व्यक्तिहरूले बिषादी बिक्री गर्दा किसानहरू बिना जानकारी बिषादी प्रयोग गर्न बाध्य छन्।



तालिममा सहभागी किसानहरू विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले लिएको परिक्षा दिँदै।

# भ्रिसमिसेमै तिनाउ पस्छन् बालुवा तस्कर

## निर्णय कार्यान्वयनमा ढिलाइले तस्करी र कालोबजारी भ्रन् मौलायो

***न्यूज ओके रिपोर्टर***
भैरहवा।

तिनाउ नदीमा गिट्टी बालुवाको तस्करी रोकिएको दाबी गरिएपनि यस्तो काम भ्रन् मौलाएको छ। दिउसो पक्राउ परिने डरले बालुवा तस्करहरू एकाबिहानै नदीमा पसेर वालुवा निकाल्ने गर्दछन्। दिनदिनै यो क्रम भइरहे पनि कहिलेकाँही मात्र उनीहरू पक्राउ पर्छन्, जसरी सोमबार।

तिनाउ नदीबाट अबैध रूपमा बालुवा निकाल्दै गर्दा गएको २ वटा ट्याक्टर प्रहरीले पक्राउ गर्यो। बालुवा तस्कर गरिरहेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय छपियाले सोमबार बिहान सौ फर्साटिकर गाविसको सखुवानीबाट उक्त ट्याक्टरहरू पक्राउ गरेको हो। ना ४ त ३५०६ र लु २ त ३१४२ नं को ट्याक्टर पक्राउ गरी आवश्यक कारवाहीका लागि जिल्ला विकास समितिमा पठाएको इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक भोजराज पाण्डेले जानकारी दिए। जिल्ला विकास समितिले पहिलो पटक पक्राउ परेका ट्याक्टरलाई २५ हजार रूपैयाँ जरीवाना लिने गरेको छ।

दोस्रो पटक दोहोरिए त्यसको दोब्बर ५० हजार गर्दै जरीवाना बढ्ने हुन्छ। त्यस्तै टिप्पर पक्राउ परे ४० हजार र जेसिबी पक्राउ परे ५० अजार रूपैयाँ जरीवाना लिने गरेको स्थानीय विकास अधिकारी युवराज सुबेदीले बताए। मापदण्ड पुरा नगरेको भन्दै साउन १ गते देखि क्रसर उद्योगको नवीकरण जिविस रूपन्देहीले रोकेपछि सबै क्रसर उद्योगहरू बन्द छन्। क्रसर उद्योग बन्द भएपछि यता १२ वटा ट्याक्ट्र पक्राउ परेका छन्। जसमा १० वटालाई २५ हजार जरिवाना लिएर छाडेको र अन्य २ ट्याक्टर अनुसन्धानका लागि प्रकृयामा रहेको जिल्ला विकास समिति रूपन्देहीका वातावरण अधिकृत उपेन्द्र ज्ञवालीले जानकारी दिए।

पक्राउ परेका ट्याक्टरबाट १४ हजार ६ सय घन फुट माल बरामद गरेको छ। बुद्ध सर्किट आयोजनाका लागि जिविसले बुटवल उपमहानगरपालिका स्थित मोतिपुरमा एउटा निजी जग्गाबाट चाहिने कच्चा पदार्थ निकाल्न अनुमति दिएको थियो तर आयोजनाले दिएको थेक्कामा जिविसले दिएको १० फिट गहिराइ पुर्याउने अनुमति टोडेर ३० फिट पुर्याएको भेटिएपछि कारवाही गरेको छ। जिविसले आयोजनाबाट ६ लाख ५२ हजार धरौटी राखेर अन्य प्रकृया अगाडि बढाएको अधिकृत ज्ञवालीले बताए। जिल्लामा रोडा ढुंगाको बिक्री बितरण बन्द भएपछि उपभोत्ताहरू महंगो मूल्य हालेर गिट्टी बालुवा किन्न बाध्य छन्। सप्लायर्सका नाममा खुलेआम कालोबजारी गर्दा पनि स्थानीय प्रशासन भने मौन छ। रूपन्देहीमा रहेका ३२ वटा क्रसर उद्योगहरूमा अहिले २ लाख घन मिटर उत्पादित गिट्टी बालुवा ४ महिनालाई पुग्ने स्टक छ। तर क्रसर उद्योग बन्द हुँदा त्यसको फाइदा सबै सप्लायर्सले लिएका छन्। ५ लाखको पूँजि देखाएर माल बिक्री गर्न पाउने गरी बाणिज्य कार्यालयले सप्लायर्सको लाइसेन्स दिने गरेको छ।

तस्करहरूसँग मिलेर सम्लायर्सले कालोबजारी गरिरहेका छन्। स्थानीयको दबाव बढ्दै गएपछि जिल्ला अनुगमन समितिको सोमबार बसेको बैठकले जिल्लामा रहेका क्रसर उद्योगमा रहेको तयारी माल बिक्री बितरण गर्न पाउने भन्ने निर्णय गरेको छ। तर निर्णय भएको ३ दिन बिती सक्दा पनि निर्णय कार्यान्वयनमा आएको छैन।

"हामी सबै गाविसमा खबर पठाएका छौँ, कर्मचारीको अभावले व्यवस्थापन गर्न नसकेको हो एक दुई दिन भित्र लागू हुन्छ" वातावरण अधिकृत उपेन्द्र ज्ञवालीले बताए। बजारमा गिट्टी बालुवाको अभाव हुँदा सम्बन्धित निकाएहरू मापदण्ड पूरा भएका उद्योग खोलाउने पहल गर्ने, भएका निर्णयहरू लागू गर्ने भन्दा तस्करी सहयोग मिल्ने काम गरिरहेका छन्। जसले गर्दा गिट्टी बालुवाको कालोबजारी र तस्करी भ्रन् बढ्दै गएको छ।



तिनाउबाट अबैध रूपमा बालुवा निकाल्दै गर्दा नियन्त्रणमा लिइएका ट्याक्टरहरू प्रहरी कार्यलयमा।
*तस्विरः न्यूज ओके*

# अन्तर्राष्ट्रिय बेपत्ता दिवस मनाइयो

***न्यूज ओके रिपोर्टर***
भैरहवा।

नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखाले सशस्त्र संघर्षमा बेपक्ता भएको व्यक्तिहरुको स्मरणमा अन्तर्राष्ट्रिय वेपत्ता दिवस मनाएको छ।

नेपालमा सशस्त्र संघर्ष समाप्त भएको दश वर्ष भई सक्दा पनि अनगिन्ती परिवारहरु आफ्ना वेपत्ता भएका आफन्तहरुको अवस्थाको खोजीमा छन् र बेदनामा रहेका छन्। अन्तर्राष्ट्रिय रेडक्रसको तथ्याङ्क अनुसार अझै पनि देशमा १३३५ व्यक्ति बेपत्ताका सुचीमा छन् भने रुपन्देहीमा ७ जना व्यक्ति बेपत्ताको सुचीमा छन्। यसरी बेपत्ता भएका व्यक्तिको सम्झनामा रेडक्रसका सभापति प्रेमलाल उदासको सभापतित्व, प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद ढकालको प्रमुख आतिथ्यतामा मैन बत्ती प्रज्वलन गरि बेपत्ता दिवस मनाइएको छ। उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय प्रमुख बुद्धीराज गुरुङ, स्थानीय विकास अधिकारी, जनस्वस्थ्य प्रमुख, रेडक्रसका उपसभापति दीपक क्षेत्री न्यौपाने, कोषाध्यक्ष दलबहादुर थापा, रेडक्रसका पदाधिकारी सदस्यहरु लगायतको उपस्थिति रहेको थियो।





**पर्यटन बजार कस्तो छ ?**

रुपन्देहीका प्रतिष्ठित पर्यटन व्यवसायी तथा सिद्धार्थ होटल एशोसिएसनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ (सीपी) र नेपाल राष्ट्र बैंकका गर्भनर डा.चिरिञ्जवी नेपाल भैरहवामा भएको एक कार्यक्रममा कुराकानी गर्दै ।

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# मुलुकमा इकोनोमिक डिप्रेशन छैन: गर्भनर नेपाल

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

नेपाल राष्ट्र बैंक गर्भनर चिरञ्जिवी नेपालले मुलुकमा ईकोनोमिक डिप्रेशन नभएको बताएका छन् ।

आइतबार एनएमबी बैंक भैरहवा शाखा उद्घाटन गर्दै उनले युरोपमा जस्तो इकोनोमिक डिप्रेशन नभएको भन्दै उनले लगानी गर्ने ठाउँहरू प्रशस्त रहेको बताए । नेपालका हरेक क्षेत्रमा लगानीका सम्भावना अत्यधिक रहेको र गर्न सकिने तथा प्रतिफल समेत पाइनेछ, त्यसैले यहाँ डिप्रेशन छैन,नेपालले भने ।

उनले अझै पनि बैंकबाट प्रदान गरिने विभिन्न सेवाहरू प्रति आम सर्वसाधारणको ध्यान नगएकोमा गुनासो गर्दै भने अब दुबई/कतारमा गएर अरूकोमा रोजगारी गरी नोकर बन्नु भन्दा स्वदेशमै व्यापार, व्यवसाय गरी देशलाई आत्मनिर्भर बनाउनुपर्ने र अरूलाई रोजगारको श्रृजना समेत गर्नुपर्ने बताए । बैंकहरूले लगानी गर्छन, तपाईहरू तयार हुनु पर्‍यो उनले भने । पुरानो सोचले देश विकास गर्न नसकिने भन्दै नयाँ सोच सहित अगाडी बढ्नु पर्नेमा जोड दिए । गर्भनर नेपालले बाहिरी मुलुकबाट गरिने ट्रेडिङ्गले देश विकास नहुने भन्दै देश विकासका लागि देशमै लगानी गरी उत्पादन बढाई ट्रेडिङ्ग घटाउनु पर्ने बताए । वार्षिक २४ अर्बको चामल, ८ अर्बको हरियो तरकारी, २ अर्बको फलफुल ,२ अर्बको सुर्ती भारतबाट आयात भएको भन्दै देशका जग्गा बाँझो राखी राष्ट्रबादको नारा ठोकेर मात्र आत्मनिर्भर नभईने तर्क राखे । उनले कृषि कर्जा बैंकहरूबाट लिन आम कृषकलाई आग्रह गरे ।



कार्यक्रममा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर शाखाका प्रमुख रेबत नेपालले बैंकहरूलाई घर जग्गा लगानीमा ध्यान दिन आग्रह गर्दै जोखिम नमोल्न अनुरोध गरे । उनले भैरहवा क्षेत्रमा आर्थिक गतिविधी बढेको र सम्भावना धेरै रहेको क्षेत्र रहेकाले लगानीका नयाँ क्षेत्र पहिचान गर्न आग्रह गरे ।

एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र पौडेलले पछिल्लो समय भैरहवा क्षेत्र मुलुककै उत्कृष्ट आर्थिक केन्द्र बन्दै गइरहेको र आर्थिक गतिविधी पनि बढीरहेकाले यहाँ शाखा बिस्तार गरिएको भन्दै निजी क्षेत्रलाई सहयोग गर्न आग्रह गरे । कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्य रोमणी प्रसाद पाठक, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष रामकुमार शर्मा लगायतले नयाँ बैंकको शाखाले आर्थिक क्षेत्रलाई थप सुबिधा पुग्ने बताए ।

### एकै दिन तिन शाखा

